पञ्चपुरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

प.सं. २०७८/०७९

च.न.

मितिः-२०७९/०२/१९

**बिषयः स्थानीय तहमा सञ्चालित SUTRA प्रणाली बन्द भई भुक्तानी नहुने सम्बन्धमा ।**

श्री सरोकारवालाहरु सबै,

उपर्युक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० उपनियम १ अनुसार आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तिमा एक साता अगाडि नै भुक्तानी निकासा बन्द गर्ने र खर्च हुन नसकि बाँकि रहेको रकम आर्थिक बर्ष भित्रै फिर्ता गर्नुपर्ने भन्ने कानूनी प्रावधान रहेको छ ।

सो प्रयोजनको लागि गत आ.ब. २०७७/०७८ मा स्थानीय तहको SUTRA प्रणाली असार ३० गते नै बन्द भई आर्थिक कारोबार बन्द भएको थियो साथै यस आ.ब. २०७८/०७९ मा महालेखा नियन्त्रक कार्यालयको निर्देशानुसार मिति २०७९/०३/२१ गते देखि नै SUTRA प्रणाली बन्द हुने भएकोले यस नगरपालिकाबाट भुक्तानी हुने सबै चालु कार्यक्रम तथा पूँजिगत योजनाहरु मिति २०७९/०३/१५ गते भित्र कार्य सम्पन्न गरी भुक्तानीको लागि प्रक्रिया पुर्याइ आर्थिक प्रशासन शाखामा पेश गरी भुकतानी लिनुहुन अनुरोध छ । साथै उक्त मिति भित्र भुक्तानीको लागि पेश हुन नसकी भुक्तानी हुन नसकेमा सोको जिम्मेबारी सम्बन्धित शाखा/उपशाखा/वडा कार्यालयहरु/फर्म/उपभोक्ता समिति तथा ब्यक्ति नै हुने ब्यहोरा जानकारीका लागि सबैमा अनुरोध छ ।

मोहन बहादुर बुढा
लेखा अधिकृत (अधिकृत स्तर सातौं)

रोमाकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत